सुनिल स्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा ।
५ नं. प्रदेश, नेपाल ।

सवारी साधन (Double Cab Pickup) खरिद सम्बन्धी बोलपत्र आह्वानको सूचना

(प्रथम पटक प्रकाशित मिति : २०७५/०७/२०)

यस गाउँपालिकालाई आवश्यक पर्ने तपसिल बमोजिमको सवारी साधन E- Bidding मार्फत खरिद गर्नुपर्ने भएकोले उत्पादक कम्पनीको नेपालमा रहेको आधिकारीक बिक्रेता (Importer) वा स्थानिय एजेण्ट (Importer को अधिकार प्राप्त Local Agent) ले मात्र देहाय बमोजिमका शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. यो सूचना प्रकाशित भएको मितिदेखी Website मा तोकिएको मिति र समयसम्ममा बोलपत्र फारम PPMO को Website www.bolpatra.gov.np/egp बाट Download गरि प्राप्त गर्न सकिने छ ।

२. PPMO को Website मा तोकिएको मिति तथा समयभित्र बोलपत्रदाताले बोलपत्र दाखिला गर्दा अध्यावधिक रहेको व्यवसाय दर्ता प्रमाणपत्र, कम्पनी वा फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिवृध्दि कर (VAT) दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) दर्ता प्रमाणपत्र, आ. व. २०७४/०७५ को कर चुक्ता प्रमाणपत्र वा आ. व. २०७४/०७५ को कर/आय विवरण पेश गरेको प्रमाणपत्र, Importer को हकमा उत्पादक कम्पनीबाट यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्नको लागि अधिकार प्रत्यायोजन गरेको आधिकारिक पत्र (Manufacturer's Authorization Letter) तथा Local Agent को हकमा Importer बाट यस कार्यालयमा बोलपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरेको पत्रको प्रमाणित प्रतिलिपीहरु, Bid Submission Form, Price Schedule, Technical Specification, Delivery Schedule तथा बोलपत्र खरिद दस्तुर वापत लाग्ने रकम यस कार्यालयको ग्लोबल आई. एम. ई. बैंक लिमिटेड, सुलिचौर, शाखामा रहेको मूल खाता नं. ग-४-१, ८२०४०१०००००० मा जम्मा गरेको भौचर एवं जमानत वापतको रकम यस कार्यालयको ग्लोबल आई. एम. ई. बैंक लिमिटेड, सुलिचौर, शाखामा रहेको धरौटी खाता नं. ग-३, ८२०४०१०००००० मा जम्मा गरेको भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको कम्तीमा बोलपत्र दाखिला गर्ने अन्तिम मितिदेखी १२० दिन म्याद रहेको बैंक जमानीपत्र (Unconditional Bid Bond) तथा बोलपत्रमा पेश गर्नुपर्ने भनी उल्लेख गरिएका सम्पूर्ण कागजातहरु Scanning गरी तोकिएको ढाँचामा Upload गर्नुपर्नेछ । बोलपत्र खरिद गर्ने रसिद, भौचर तथा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछिकोलाई मात्र मान्यता दिईनेछ ।

लेखनाथ न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत